# प्रेस विज्ञप्ती

नेपाल रेडक्रस सोसाइटीको ४७ औं महाधिवेशन समुद्घाटन, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापा ज्यूको प्रमुख आतिथ्यतामा मिति २०७४।१२।२८ गते विराटनगरमा सम्पन्न भयो । समुदघाटन कार्यक्रममा माननीय मन्त्रीज्यूबाट कार्यक्रममा आमन्त्रण गर्नु भएकोमा आयोजकलाई धन्यबाद दिँदै महाधिबेशनको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो । यसै सन्दर्भमा विश्वभरका करिव १ करोड ४० लाख स्वयंसेवकहरूप्रति हार्दिक सम्मान व्यक्तगर्दै यससंस्थाले मानवीय पीडालाई कम गर्न विश्वभरी गरेको कार्य अत्यन्तै सह्रानीय रहेको व्यक्त गर्नु भयो । वि.सं २०२० सालमा नेपाल रेडक्रस स्थापना भएपश्चात मानवीय सेवाको क्षेत्रमा सरकारको सहयोगीको रूपमा यसले गरेको कार्य ज्यादै उदाहरणीय भएको, सवैजसो विपद्को अवस्था र वि.स. २०७२ को भूकम्प प्रतिकार्यमा पुऱ्याएको सहयोगको समेत प्रशंसा गर्नुभयो । माननीय मन्त्रीज्यूले महिला, बालबालिका र जेष्ठ नागरिक मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक अल्पसंख्यकहरूको लागि समय सापेक्ष कार्यक्रम सञ्चालन, समन्वय र सहकार्य गर्दै सचेतना अभिबृद्धि र सबै समुहको सशक्तिकरण, मुलप्रवाहीकरण, समावेशीकरणको क्षेत्रमा काम गरिरहेको र यसमा सबै पक्षको सहयोगको लागि अनुरोध गर्नु भयो । धर्म, संस्कृति, संस्कार,परम्परा वा प्रचलनका आधारमा हुने सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने, मानवीय मर्यादा र सहिष्णुतामा आधारित सामाजिक मूल्यहरूको विकास गर्ने तथा समाजमा सद्भाव, मेलमिलापलाई बढावा गर्ने जस्ता नेपालको अहिलेको आवश्यकतालाई यस संस्थाले उचित ध्यान दिनेमा विश्वास व्यक्त गर्नु भयो । अन्त्यमा, निष्पक्षता, तटस्थता, स्वयंसेवा र एकता जस्ता सिद्धान्तलाई व्यवहारमा उतार्न, मानवीय सेवाका क्षेत्रका चुनौति र देखिएका कमी कमजोरीहरूलाई सुधार गर्दै जान रेडक्रसलाई शुभकामना व्यक्त गर्नु भयो यसै क्रममा माननीय मन्त्री ज्यूले प्रदेश नं. १ का माननीय मुख्य मन्त्री शेरधन राई संग भेटघाट गर्नुका साथै महिला तथा बालबालिका कार्यालय मोरङ्गको निरिक्षण र कार्यालयवाट सम्पादित कार्यक्रमको बारेमा जानकारी लिनु भयो ।

०७४।१२।२९
पुष्पबहादुर कुँवर
सहायक प्रवक्ता